वर्ष ७,अंक ११,फागुन




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन




नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि. अरुण पौडेल

**सल्लाहकार**
प्र.व.उ. सानुराम भट्टराई
प्र.व.उ.कृष्ण प्रसाद पंगेनी

**सम्पादक मण्डल**
प्र.ना.उ.रबिन्द्र राज पाण्डे
प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**
प्र.ह. कल्पना राई

| | |
|---|---|
| **विभागीय गतिविधि** | १ - २ |
| **अपराध तथ्याङ्क** | ३ - ८ |
| **प्रहरी सेवा प्रवाह** | ९ - १२ |
| **खोजतलास तथा समन्वय** | १३ |
| **अपराध अनुसन्धानमा सहायता प्रदान** | १४ - १५ |
| **अपराध समाचार** | १६ -१९ |
| **उत्कृष्ट अनुसन्धान** | २० |

# विभागीय गतिविधि

## संचारकर्मीहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न



***काठमाडौं, ५ फागुन***

मिति २०८१।११।०५ गते नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक कुवेर कडायतज्यूको "संचारकर्मीहरुसँग भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागले गर्ने कार्यहरू, अपराध तथ्यांक तथा विश्लेषण सम्बन्धी, आत्महत्याको अवस्था, अपराधका नयाँ Trend हरुको अवस्था,अपराध नियन्त्रण र अनुसन्धानमा गरेका प्रयासहरू, भावी योजनाहरु लगायत अन्य विषयबस्तुहरु सम्बन्धी छलफल भएको थियो। अन्तर्क्रिया कार्यक्रममा विभागिय प्रमुखज्यू लगायत अन्य Senior प्रहरी अधिकृतहरु र संचारकर्मीहरुको उपस्थिति रहेको थियो।

## बिदाई तथा फेरी भेटौला कायक्रम सम्पन्न



***काठमाडौं, ८ फागुन***

प्रस्तुत विषयमा नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको पत्रद्धारा अख्तियार दुरुपयोग अनुसन्धान विभाग, टंगाल काठमाडौ सरुवा हुनु भएका प्रहरी नायव उपरीक्षक प्रताप पौडेलज्यूको बिदाई तथा फेरी भेटौला कार्यक्रम सम्पन्न भयो। विदाई भई जान लाग्नु भएका अधिकृतज्यूले प्रतिवद्दता मन्तव्य व्यक्त गर्नु भयो। साथै उहाँहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण पौडेलज्यूले मायाको चिनो प्रदान गर्नु भयो। कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरु लगायत अन्य दर्जाका कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।

## इन्टरपोल रेड नोटिस जारी भएका फरार व्यक्ति ओमानबाट पक्राउ




***काठमाडौं, २५ फागुन***

जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी सिन्धुली कमलामाई नगरपालिका-२ चियाबारी घर भएका २७ वर्षीय आशिष बुढाथोकी पक्राउ परेका छन्। एनसिबि काठमाडौंबाट खटिएको प्रहरीले उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो । जबरजस्ती करणी मुद्दामा फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट अनुरोध भए पश्चात एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२५ फेब्रुअरी १४ मा उनी विरूद्ध रेड नोटिस जारी भएको थियो। उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय सिन्धुली पठाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ।

## United Nations Mission In South Sudan (UNMISS) बाट फिर्ता हुनु भएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, २५ फागुन***

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ South Sudan स्थित United Nation Mission In South Sudan (UNMISS) Mission 9th October 2023 मा खटि गई सफलता पुर्वक कार्यकाल सम्पन्न गरी 9th February 2025 मा स्वदेश फिर्ता हुनु भएका प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध

अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण पौडेलज्यूले स्वागत गर्नुभयो। स्वदेश फिर्ता हुने प्रहरी कर्मचारीहरुमा प्रहरी नायव उपरीक्षक ४ जना, प्रहरी निरीक्षक ४ जना, प्रहरी वरिष्ठ नायव निरीक्षक ३ जना र प्रहरी नायव निरीक्षक ४ जना गरि जम्मा १५ जना हुनुहुन्थ्यो। उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यूले स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै आवश्यक निर्देशन समेत दिनुभयो। स्वागत कार्यक्रममा Senior प्रहरी अधिकृतहरु तथा अन्य दर्जाका कर्मचारीहरुको उपस्थिती रहेको थियो।

## MS Office Package Training सम्पन्न



**_काठमाडौं, ९ फागुन_**

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८१।१०।१५ गते देखी मिति २०८१।११।०९ गतेसम्म संचालित १९ कार्यदिने MS Office Package विषयक Training सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक १, प्रहरी सहायक निरीक्षक ३, प्रहरी वरिष्ठ हवल्दार ३, प्रहरी हवल्दार ६, प्रहरी सहायक हवल्दार ७ र प्रहरी जवान १६ गरि जम्मा ३६ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। MS Office Package Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुभयो। उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, शिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो।

## UNMISS र UNISFA Mission मा खटि जान लाग्नु भएका प्रहरी अधिकृतहरुको विदाई कार्यक्रम सम्पन्न



**_काठमाडौं, २५ फागुन_**

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ United Nations Mission in South Sudan (UNMISS) र United Nations Interim Security Force for Abyei (UNISFA) Mission मा छनौट भई 22nd March 2025 मा United Nation Mission In South Sudan (UNMISS) र 15th March 2025 मा United Nation Mission In Interim Security Force for Abyei (UNISFA) खटि जान लाग्नुभएका प्रहरी अधिकृतहरुको विदाई कार्यक्रम सम्पन्न भयो। खटी जाने प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण पौडेलज्यूले बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो। खटि जाने प्रहरी कर्मचारीहरुमा प्रहरी नायव उपरीक्षक ५, प्रहरी निरीक्षक २ र प्रहरी वरिष्ठ नायव निरीक्षक १ जना गरी जम्मा ८ जना (UNMISS) स्थित र प्रहरी निरीक्षक २ जना (UNISFA) जम्मा १० जना प्रहरी कर्मचारीहरूको सहभागीता रहेको थियो। उक्त कार्यक्रममा Senior प्रहरी अधिकृतहरु तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो।

## INTERPOL Project SOTERIA परियोजना अन्तर्गत संचालित प्रशिक्षण कार्यक्रम सम्पन्न




**_काठमाडौं, २८ फागुन_**


प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरको प्रमुख आतिथ्यतामा INTERPOL Project SOTERIA परियोजना अन्तर्गत संचालित Open-source Intelligence Investigation (OSINT) सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरज्यूले प्रशिक्षणमा सहभागीहरूलाई प्रमाणपत्र समेत प्रदान गर्नुभयो। समापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरज्यूले यौन शोषण र दुर्व्यवहार गम्भीर चुनौतीको रूपमा देखिएको उल्लेख गर्दै यस प्रशिक्षणले यौन अपराधहरूको अनुसन्धान र न्यूनीकरणमा सहयोग पुग्नुका साथै प्रशिक्षणबाट सिकेका सीपहरूले त्यस्ता अपराधहरूलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। विशेष गरी Aid Sector हरूमा संलग्न व्यक्तिहरूबाट हुन सक्ने यौनजन्य दुर्व्यवहारको रोकथाम गर्ने उद्देश्यका साथ इन्टरपोल महासचिवालयद्वारा संचालित INTERPOL Project SOTERIA परियोजना अन्तर्गत कानून कार्यान्वयन गर्ने निकायका अधिकृतहरूलाई उक्त प्रशिक्षण प्रदान गरिएको हो। फागुन २६ गतेदेखि संचालित उक्त प्रशिक्षण कार्यक्रममा नेपाल प्रहरीको तर्फबाट २२ जना प्रहरी अधिकृतहरूको सहभागिता रहेको थियो भने प्रशिक्षकको रूपमा INTERPOL Project SOTERIA बाट ३ जना पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

# अपराध तथ्याङ्क


## देशभरको- फागुन महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## देशभरको - त्रैमासिक मुद्दा दर्ता संख्या (पुस - फागुन )




## देशभर- त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (माघ – फागुन)





## वार्षिक अपराध तथ्यांक (०७७/०७८ देखि ०८१/०८२ फागुनसम्म)




## जघन्य अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ फागुन)





## गम्भीर अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ फागुन)




## सामान्य अपराधको मुद्दा दर्ता संख्या (आ.व. २०८१।०८२ फागुन)





## २०८१ फागुन महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८१ फागुन महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८१ फागुन महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८१ फागुन महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ८५३ | २५ वर्ष ५ महिना २९ दिन | १,०७,८९,३७३ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३४७ | ११२ वर्ष ११ महिना १९ दिन | ८२,२३,९४० |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ६०१ | ११५ वर्ष ७ महिना २० दिन | १,१०,८६,१६८ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १६३ | १२४ वर्ष ६ महिना २७ दिन | १,२०,८८,४३१ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १५६ | ७४ वर्ष १० महिना २९ दिन | ५८,५०,०५३ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ५३० | २१२ वर्ष १० महिना २९ दिन | ५१,४५,९६८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १९ | ३ वर्ष ० महिना २१ दिन | २,४२,०५५ |
| ८. | सदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १७५ | ७८ वर्ष २ महिना २४ दिन | १३,७६,२८६ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १० | १२ वर्ष १ महिना १९ दिन | २,१४,६२,७२५ |
| **जम्मा** | | **२८५४ जना** | **७५९ वर्ष ११ महिना ७ दिन** | **रु. ७,६२,६५,०००।-** |

## २०८१ फागुन महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८१ माघ र फागुन महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८१ फागुन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८१ फागुन महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | कार्य विवरण | |
|---|---|---|---|
| | | दर्ता | वितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १०१३८८ | ७७५१९ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ८ | ८ |
| ३. | अध्यागमन विभाग | १८७ | २१५ |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ८३ | ८० |
| ५. | औंठाछाप प्रमाणिकरण | १३८ | १३८ |
| | अन्य (रिट निवेदन/उजुरी छानबिन) | १ | १ |
| **जम्मा** | | १०१८०५ | ७७९६१ |


## सामुदायिक प्रहरी गतिविधि

२०८१ फागुन महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)





# आसरा सुधार केन्द्र रानीबारी

## २०८१ फागुन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र पानिवरी , धरान सुनसरी

## २०८१ फागुन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८१ फागुन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




## २०८१ फागुन महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण

| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ७ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ३९ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | १४,५३० जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | ४ जना |




# खोजतलास तथा समन्वय

## २०८१ फागुन महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## फागुन महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८१ सालको फागुन महिनामा बिभिन्न १९ वटा मुद्दा शीर्षक (चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन तथा ओसार पसार, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तब्य ज्यान, मानिस बेपत्ता, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, वेवारीसे लास, जुवा, सहकारी ठगी, अभौतिक मुद्रा ) अन्तर्गत ६९ वटा मुद्दाको ४५३ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- फागुन महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८१/११/०१ गतेदेखि २०८१/११/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५०८** केशहरुको **४२८७** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डीङ केशहरु समेत गरी **३९६** केशहरुको **३९०५** नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८१/११/०१ गते देखि २०८१/११/२९ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **२४३२** DATA Entry भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८१/११/०१ गतेदेखि २०८१/११/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२०३** केशहरुको **१००४** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **१७९** केशहरुको **८१५** नमूनाहरु परीक्षण गरिएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८१/११/०१ गतेदेखि २०८१/११/२९ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **३९** केशहरुको **१११** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **६६** केशहरुको **१८४** नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८१ फागुन महिनामा केनाईन परिचालित संख्या**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

***सिन्धुली, १९ फागुन***

आफ्नै श्रीमती १७ वर्षीया अनिशा सदाको हत्या गरेको अभियोगमा दुधौली नगरपालिका-८ कछुवाखाडी बस्ने २२ वर्षीय दिनेश सदालाई प्रहरीले पक्राउ गरेको छ। दिनेशले अनिशाको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय डकाहाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १९ फागुन***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी दोलखा मेलुङ गाउँपालिका-६ घर भएका २९ वर्षीय विराट ठकुरीलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-४ धोबीखोला करिडोरस्थित धनन्तरी मार्गमा काठमाडौं महानगरपालिका-६ सरस्वतीनगर बस्ने ओखलढुङ्गा मानेभन्ज्याङ गाउँपालिका-६ घर भएका ५० वर्षीय अडविर राईलाई लेनदेनको विषयमा ढुंगा प्रहरी गरी हत्या गरेको घटनामा फरार रहेका उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले भक्तपुर सल्लाघारीबाट पक्राउ गरेको हो। उनी उपर काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न पाँच जना पक्राउ

***काठमाडौं, २६ फागुन***

हत्यामा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं गोठाटार बस्ने सर्लाही बागमती ढुङगेखोला घर भएका २५ वर्षीय कैलाश खड्का, मकवानपुर हेटौंडा शिखरपानी घर भएका २० वर्षीय सुरेश तामाङ, नुवाकोट घर भएका २४ वर्षीय रोशन तामाङ, काठमाडौं गोकर्णेश्वर बस्ने सिन्धुपाल्चोक घर भएकी २० वर्षीया पुजा परियार र एक नाबालक रहेका छन्। गोकर्णेश्वर नगरपालिका-७ नामी कलेज नजिक बागमती खोलामा बोरा भित्र अन्दाजी ३५ वर्षीया महिला मृत अवस्थामा फेला परेको घटनाको अनुसन्धानको क्रममा प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई उपत्यकाको विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट ६ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

***भक्तपुर, ३ फागुन***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी क्यानाडा, अजरबैजान र मोरिसस पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-७ घर भई भक्तपुर चाँगुनारायण नगरपालिका-२ दुवाकोट बस्ने ४१ वर्षीय गणेश बहादुर थापा र काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका-४ काफ्लेचोक घर भई काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-६ बनेपा बस्ने ३९ वर्षीय दिनेश प्रसाद अधिकारी रहेका छन्। उनीहरूले क्यानाडा, अजरबैजान र मोरिसस पठाइदिन्छु भन्दै १४ जना पीडितहरूबाट ७१ लाख ७० हजार रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरूलाई भक्तपुरको विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरू उपर मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को ठगी सम्बन्धी कसूरको दफा १४(६) बमोजिम जिल्ला अदालत भक्तपुरबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### विभिन्न धनमाल चोरी

***दाङ, ४ फागुन***

घोराही उपमहानगरपालिका-१३ सुबिधा टोल डेरा गरी बस्ने रोल्पा परिवर्तन गाउँपालिका-१ कुरेली बस्ने ३२ वर्षीया सन्तोषी रोकाको कोठाबाट सुनका विभिन्न गरगहना र नगद गरी करिब ५ लाख १६ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### नक्कली सुन देखाई ठगी गर्ने कार्यमा संलग्न दुई जना पक्राउ

***काठमाडौं, ९ फागुन***

नक्कली सुन देखाई ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भक्तपुर थिमी नगरपालिका बोडे डेरा गरी बस्ने सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-६ घर भएका ६२ वर्षीय धनजित तामाङ र सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-४ धार्पा घर भएका ४८ वर्षीय दल बहादुर तामाङ रहेका छन्। विगत एक महिना देखि भक्तपुरका विभिन्न स्थानहरूमा नक्कली सुन देखाई सर्वसाधारणहरूलाई ठगी गर्ने गिरोह सक्रिय रहेको भन्ने सूचना प्राप्त हुनासाथ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मातहत अपराध शाखा भक्तपुर र पिसिसिबि थिमीबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई काठमाडौं कागेश्वरी मनोहरा-६ मुलपानीबाट पक्राउ गरेको हो। साथै प्रहरीले उनीहरूको साथबाट १ किलोग्राम बराबरको बिस्कुट आकारको पहेंलो धातु १ थान र पिलास १ थान समेत बरामद गरेको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि प्रहरी वृत्त बौद्ध पठाइएको छ।

### विभिन्न धनमाल चोरी

***झापा, १० फागुन***

हल्दिबारी गाउँपालिका-४ लक्ष्मी चोक बस्ने कमल मुर्मुको घरबाट नगद ६ लाख ५० हजार रूपैयाँ, सुन ३ तोला र चाँदी १५ तोला गरी करिब १२ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले

चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### अमेरिका पठाइदिन्छु भनी ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, १४ फागुन***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशहरू हुँदै अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रूकुम पश्चिम मुसिकोट नगरपालिका-१ घर भई ललितपुर महालक्ष्मी नगरपालिका-४ बस्ने २४ वर्षीय मनिषराज खड्का, रूकुम पश्चिम मुसिकोट नगरपालिका-२ घर भई काठमाडौं टोखा नगरपालिका-३ बस्ने २७ वर्षीय मधु कुमार खड्का र ३४ वर्षीय बिरेन्द्र खड्का रहेका छन्। उनीहरूले अमेरिका पठाइदिछु भन्दै २ जना पीडितहरूबाट १ करोड ४४ लाख ५० हजार रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले मनिषराजलाई काठमाडौं महानगरपालिका-९ बाट तथा मधु कुमार र बिरेन्द्रलाई काठमाडौं टोखा नगरपालिका-८ बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## यौन जन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २ फागुन***

**दाङ,** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा शान्तिनगर गाउँपालिका-४ जुम्लेकुला बस्ने २२ वर्षीय चन्द्र प्रसाद नाथलाई प्रहरीले पक्राउ गरेको छ । चन्द्र प्रसादले ती बालिकालाई सोही गाउँपालिका-४ बगब्डवास्थित रानीवनको जंगलमा लगेर जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय तुल्सीपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**रूपन्देही,** १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा देवदह नगरपालिका-३ गौरी टोल बस्ने २८ वर्षीय अजय थापा र ३५ वर्षीय गोबिन्द थापा रहेका छन्। उनीहरूले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी खैरेनीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***सुनसरी, १४ फागुन***

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ईटहरी उपमहानगरपालिका-१६ बस्ने ६८ वर्षीय तुलसीराम निरौलालाई प्रहरीले पक्राउ गरेको छ। निरौलाले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बझाङ, १६ फागुन***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जयपृथ्वी नगरपालिका-१० चैनपुर डेरा गरी बस्ने मष्टा गाउँपालिका-४ घर भएका २२ वर्षीय विवेक उपाध्यायलाई प्रहरीले पक्राउ गरेको छ। विवेकले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय बझाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बाँके, २३ फागुन***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कोहलपुर नगरपालिका-१० चट्टार बस्ने २९ वर्षीय राधे किसुन थारूलाई प्रहरीले पक्राउ गरेको छ। थारूले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कोहलपुर समेतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बर्दिया, २३ फागुन***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गुलरिया नगरपालिका-१ बस्ने २३ वर्षीय शिव प्रसाद थारूलाई प्रहरीले पक्राउ गरेको छ। शिव प्रसादले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी खैरापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## लागु औषध सम्बन्धी

### अवैध लागूऔषध सहित तीन जना पक्राउ

***काठमाडौं, ४ फागुन***

**झापा,** झापा गाउँपालिका-५ पन्थपडाबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ७० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २५ वर्षीय तोफिजुल अलि र २० वर्षीय चान महमद रहेका छन्। प्रहरी चौकी शरणामतीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। साथै उनीहरूले प्रयोग गरेको १ थान मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ।

**बर्दिया,** बढैयाताल गाउँपालिका-७ कर्णालीपुलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६० मिलिग्राम सहित सोही गाउँपालिका-६ मैनापोखर बस्ने १५ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी कालिकाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### नियन्त्रित लागूऔषध सहित पक्राउ

***उदयपुर, ५ फागुन***

त्रियुगा नगरपालिका-३ मोतिगडा चोकबाट नियन्त्रित लागूऔषध फेनारगन १९ एम्पुल, बुप्रेनोर्फिन १९ एम्पुल र डाइजेपाम १९ एम्पुल सहित सोही नगरपालिका-३ मिलन चोक बस्ने २७ वर्षीय दिपेश चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध बरामद

***मकवानपुर, १० फागुन***

मनहरी गाउँपालिका-६ नयाँ बस्तीस्थित सडकबाट अवैध लागूऔषध गाँजा ३१ किलो ५ सय ६० ग्राम, अफिम ६ किलो १ सय ६० ग्राम र लागूऔषध गाँजाको धुलो (पोल्याण्ड) १ सय २७ किलो ९ सय ४० ग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय मनहरी र प्रहरी चौकी सुनाचुरीबाट खटिएको संयुक्त टोलीले उक्त स्थानमा रोकी राखेको बा.७ च ७०१८ नम्बरको सुमो गाडी तलासी गर्दा सुमोको पछाडिको सिट मुनि लुकाई छिपाई राखेको उक्त लागूऔषध फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध चरेश बरामद

***पर्सा, ७ फागुन***

जिराभवानी गाउँपालिका-५ भलुवाही खोलास्थित झाडीबाट अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ करिब ११ किलो ९ सय ५० ग्राम प्रहरीले बरामद गरेको छ ।इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको प्रहरीले झाडीमा लुकाई छिपाई राखेको २४ वटा प्याकेटमा रहेको उक्त पदार्थ फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## ५ लाख ६४ हजार १ सय ट्याब्लेट ट्रामाडोल सहित दुई जना पक्राउ

***काठमाडौं, १३ फागुन***

लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले नियन्त्रित लागूऔषध ट्रामाडोल ५ लाख ६४ हजार १ सय ट्याब्लेट सहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा घर भएका ३८ वर्षीय साईमन बनवारी र ललितपुर महाङ्काल गाउँपालिका-४ बस्ने ३३ वर्षीय सुधिर लामिछाने रहेका छन्। साईमनलाई ५ लाख ३४ हजार १ सय ट्याब्लेट सहित काठमाडौं महानगरपालिका-४ टोखाबाट र सुधिरलाई ३० हजार ट्याब्लेट ट्रामाडोल सहित काठमाडौं महानगरपालिका-१४ बाट पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित दुई जना पक्राउ

***काठमाडौं, १८ फागुन***

दाङ, घोराही उपमहानगरपालिका-१३ प्रगति टोलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम २ सय ८० मिलिग्राम सहित सोही ठाउँ बस्ने रोल्पा माडी गाउँपालिका-३ तालावाङ घर भएका १९ वर्षीय दुर्लभ घर्ती मगरलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

कैलाली ,बर्दगोरिया गाउँपालिका-६ बिशालनगरबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब २० मिलिग्राम सहित सोही ठाउँ बस्ने २२ वर्षीय बिशाल बिकलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय सडकपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित एक जना पक्राउ

***काठमाडौं, १९ फागुन***

चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३१ ग्राम सहित सिराहा सखुवानान्कारकट्टी गाउँपालिका-५ बस्ने २५ वर्षीय मोहमद कलामलाई प्रहरीले पक्राउ गरेको हो। प्रहरी प्रभाग नागढुङ्गा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गाबाट खटिएको प्रहरीले काँकडभिट्टा देखि काठमाडौंतर्फ आउँदै गरेको प्र.०१-०१-००१ ख ४५५६ नम्बरको बसमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा २२ किलोग्राम सहित दुई जना भारतीय नागरिक पक्राउ

***काठमाडौं, २१ फागुन***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको चेकिङ एरियाबाट अवैध लागूऔषध गाँजाको धुलो जस्तो देखिने पदार्थ २२ किलोग्राम सहित दुई जना भारतीय नागरिकहरू पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा ४० वर्षीय RAFEEQUE MADATHUMTHAZHA VAYALIL र ३४ वर्षीया RASMINA PAZHAYA KALLAROTH रहेका छन्। थाई एयरवेजको उडानद्वारा बैङ्ककबाट काठमाडौं आएका उनीहरूलाई भन्सार कार्यालयको चेकिङ एरियामा जाँच गर्ने क्रममा व्यागभित्र चकलेटको प्याकेटको फल्स बटम बनाई राखेको अवस्थामा RAFEEQUE को साथबाट १२ किलोग्राम र RASMINA PAZHAYA को साथबाट १० किलोग्राम उक्त पदार्थ फेला पारी दुवै जनालाई पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि लागूऔषध नियन्त्रण ब्यूरो पठाइएको छ।

## अवैध लागूऔषध गाँजा बरामद

***सुनसरी, २२ फागुन***

गढी गाउँपालिका-२ औराबनी हातिमुडा सडकखण्डबाट अवैध लागूऔषध गाँजा करिब २७ किलोग्राम प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी औराबनीबाट खटिएको प्रहरीलाई देख्नासाथ हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार २ जना व्यक्तिले बोरा फाली फरार भएपश्चात बोरा तलासी गर्दा उक्त गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## नाबालिकालाई दबाब/प्रभावमा पारी अनुचित लाभ लिन खोज्ने व्यक्ति पक्राउ

***काठमाडौं, १ फागुन***

नाबालिकालाई दबाब/प्रभावमा पारी अनुचित लाभ लिन खोज्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-१६ खरिबोट बनस्थली बस्ने २० वर्षीय आयुष कुँवरलाई प्रहरीले पक्राउ गरेको छ। सामाजिक सञ्जाल स्न्यापच्याटबाट पीडितलाई साथी बनाई फकाईफुल्याई अनलाइन माध्यमबाट अश्लिलता प्रदर्शन गर्न वाध्य पारी स्क्रिन रेकर्ड गरी अनुचित लाभ लिन खोजेको भन्ने पीडितको उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न आयुषलाई काठमाडौं स्वयम्भूबाट पक्राउ गरेको हो। उनी उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## मानव बेचबिखनमा संलग्न दुई जना पक्राउ

***पर्सा, ३ फागुन***

मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा वीरगंज महानगरपालिका-१६ बस्ने ४५ वर्षीय गिनीलाल गुप्ता र भारत बिहार पूर्वी चम्पारण थाना नकरदेही ग्राम भवानीपुर-६ बस्ने ४० वर्षीय जय प्रकाश साह रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वीरगंज महानगरपालिका-१५ स्थित सञ्चालनमा रहेका होटलहरूमा जाँच गर्ने क्रममा राम्रो आम्दानी हुने काममा लगाईदिने प्रलोभनमा पारी होटलमा आएका ग्राहकहरूसँग शारीरिक सम्पर्क राख्न लगाई वेश्याबृत्तिमा लगाउने कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले ४ जना महिलाको उद्धार समेत गरेको छ । उनीहरू उपर मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको कसुरमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

## नाबालिकालाई वेश्यावृतिमा लगाउने कार्यमा संलग्न स्पा संचालिका पक्राउ

***काठमाडौं, ५ फागुन***

नाबालिकालाई वेश्यावृतिमा लगाउने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ ठमेल सातघुम्तीस्थित हिमालयन नेचुरल स्पाका संचालिका काभ्रेपलाञ्चोक चौरीदेउराली गाउँपालिका-५ घर भएकी ४१ वर्षीया स्मृति भन्ने रमिला गौतमलाई प्रहरीले पक्राउ गरेको छ। उक्त स्पामा पार्लरको काम गराउने भनी आर्थिक प्रलोभनमा पारी स्पामा मसाज गर्नको लागि आउने ग्राहकहरूसँग जबरजस्ती वेश्यावृत्तिको काममा लगाएको भन्ने पीडितको उजुरीको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न रमिलालाई काठमाडौं ठमेलबाट पक्राउ गरेको हो। उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## एकनाले भरूवा बन्दुक सहित दुई जना पक्राउ

***काभ्रे, १ फागुन***

पाँचखाल नगरपालिका-१ ठाँटी गैरिकोट बस्ने ६१ वर्षीय मंगल बहादुर तामाङ र उनकै छोरा ३२ वर्षीय सन्त बहादुर तामाङलाई एकनाले भरूवा बन्दुक १ थान सहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी पाँचखालबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त बन्दुक सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सालकको खपेटा सहित चार जना पक्राउ

***काठमाडौं, १२ फागुन***

गोकर्णेश्वर नगरपालिका-५ चामुण्डाचोकबाट सालकको खपेटा ८ किलो ५ सय ग्राम सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही बरहथवा नगरपालिका-९ घर भई काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ जोरपाटी बस्ने ४८ वर्षीय कुवेर बहादुर स्याङ्तान, नुवाकोट बेलकोटगढी नगरपालिका-५ घर भई ललितपुर महालक्ष्मी नगरपालिका-७ बस्ने ४० वर्षीय सन्त बहादुर गुरूङ, ओखलढुंगा मोलुङ गाउँपालिका-६ घर भई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-५ थली बस्ने २८ वर्षीय राजु विश्वकर्मा र सुनसरी धरान उपमहानगरपालिका-१५ घर भई काठमाडौं महानगरपालिका-२६ नयाँबसपार्क बस्ने ४२ वर्षीय मदन राई रहेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त खपेटा सहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय हात्तिसार काठमाडौं पठाइएको छ।

## पेस्तोल तथा गोली सहित दुई जना पक्राउ

***मकवानपुर, १२ फागुन***

हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट १ थान पेस्तोल र ३ राउण्ड गोली सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत बिहार राज्य सिहुहर धनहरा ग्राम बस्ने २२ वर्षीय धिरज कुमार र भारत बिहार राज्य मोतिहारी बहरी ग्राम बस्ने २६ वर्षीय दिपक कुमार रहेका छन् ।प्रहरी चौकी रातोमाटे र अस्थायी प्रहरी पोष्ट हरियालीबाट खटिएको प्रहरीले रौतहटबाट चितवनतर्फ आउँदै गरेको ना.८ ख ८७७३ नम्बरको बसमा सवार उनीहरूलाई उक्त पेस्तोल तथा गोली सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## स्रोत नखुलेको रकम सहित तीन जना पक्राउ

***धनुषा, ५ फागुन***

जनकपुरधाम उपमहानगरपालिका-८ बाट स्रोत नखुलेको नगद ५७ लाख ८४ हजार ६ सय ३५ रूपैयाँ, ३ थान मोबाइल र १ थान ल्यापटप सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सिराहा कर्जन्हा नगरपालिका-९ बस्ने ३९ वर्षीय भुवनेश्वर राउत, भारत बिहार राज्य सितामढी थाना परिहार ग्राम पञ्चायत बराही बस्ने ४२ वर्षीय जामुन नायक र जनकपुरधाम उपमहानगरपालिका-८ स्थित न्यू अनुष्का मनी ट्रान्सफर ट्रेडर्सका कर्मचारी सोही उपमहानगरपालिका-८ बस्ने २६ वर्षीय जेनिस साह रहेका छन्। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले भुवनेश्वर र जामुनलाई नगद १० लाख रूपैयाँ, २ थान मोबाइल तथा जेनिसलाई ४७ लाख ८४ हजार ६ सय ३५ रूपैयाँ, मोबाइल १ थान र ल्यापटप १ थान सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नक्कली फेसबुक आइडी खोली आर्थिक लाभ लिने कार्यमा संलग्न व्यक्ति पक्राउ

***काठमाडौं, २२ फागुन***

नक्कली फेसबुक आइडी खोली आर्थिक लाभ लिने कार्यमा संलग्न रहेको अभियोगमा धादिङ ज्वालामूखी गाउँपालिका-७ घर भई काठमाडौं तार्केश्वर नगरपालिका-५ लोलाङ हाईट बस्ने २७ वर्षीय नारायणदत्त खकुराललाई प्रहरीले पक्राउ गरेको छ। वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको नामको नक्कली फेसबुक आईडी बनाई उनीहरूको आफन्तहरूसँग आफु र आफ्नो साथी बिरामी भई अस्पतालमा भर्ना भएको र आफुलाई रकमको आवश्यकता परेको भन्ने विश्वास दिलाई साथीको क्युआरमा रकम पठाउनु भनि उपत्यकाको विभिन्न पसलहरूमा आफ्नो मान्छे बिरामी भई अस्पतालमा भर्ना भएको र आफन्तले उपचारको लागि रकम पठाईदिँदै छ, आफ्नो कुनै पनि बैंक खाता छैन भनी हजुरको खातामा पैसा आउँछ सो पैसा राखी मलाई नगद रकम दिनु भनी पसलहरूको क्यूआर कोड पठाई रकम हाल्न लगाई पसलहरूबाट रकम लिई ठगी गर्ने कार्यमा संलग्न उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको टेकुबाट खटिएको प्रहरीले काठमाडौं लोलाङ हाईटबाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

# उत्कृष्ट अनुसन्धान

### मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८१।११।०८ गते अन्दाजी ०५:५० बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.२४ तखाछे गल्लीमा पछी एकिन नाम थर वतन खुलेको ललितपुर जिल्ला ल.म.न.पा. वडा नं.२२ घर हुने वर्ष २८ को सुसन शाक्य मृत अवस्थामा फेला परेको, मृतकको टाउकोको भागमा चोट लागि रगत बगी घोप्टो अवस्थामा रहेको र छेउमा बाँसको लाठी समेत रहेकोमा उक्त घटना सम्बन्धमा के घटनास्थल वरपर रहेको CCTV फुटेज समेतबाट अनुसन्धान गर्दा परिवर्तित नाम ०८१/०८२ जिल्ला २६ जनसेवा-८ र परिवर्तित नाम ०८१/०८२ जिल्ला २६ जनसेवा-९ ले बाँसको लाठी प्रहार गरी कर्तव्य गरी भागी फरार भएको भनी खुल्न आएकोले निजहरुलाई मिति २०८१।११।०८ गते अं.१०:५५ बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१९ सुन्तागल्ली स्थितबाट पक्राउ गरी  सम्मानित काठमाडौं जिल्ला अदालतमा दाखिला गरेकोमा सम्मानित अदालतको आदेशानुसारकानूनको विवादमा परेका निज बालबालिकाहरुलाई पूर्पक्षको लागि बालसुधार गृह, भक्तपुर पठाईएको।

### मुद्दा शीर्षक – जबरजस्ती करणी

परिवर्तित नाम धादिङ २४(१०२)०८१/०८२ लाई मिति २०८१।११।०७ गते देखी मिति २०८१।११।०९ गते बिहानसम्म प्रतिवादी असिम मगरले निजको घरको कोठा तथा छतमा लगेर पटक-पटक जबरजस्ती करणी गरेर मिति २०८१।११।०९ गते बिहान ६;०० बजेको समयमा वडा नं.३ दहीचौतारा ल्याई छाडी दिएको र करणी पश्चात गर्भवती हुने कुरा घर परिवारले थाहा पाए समस्यामा पर्ने र सबैभन्दा उत्तम विकल्प आत्महत्या गर्ने भन्ने सोची आत्महत्या गर्न भनी नीलकण्ठ न.पा. वडा नं.३ पुछारबजार मन्दिरको जंगलतर्फ जाँदै गर्दा प्रहरीले सोधपुछ गरेपछि सबै घटना बारे जानकारी गराई जाहेरी लेखी पेश गरेकोमा प्रतिवादी असिम मगरलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित धादिङ जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८१।११।२७ गतेको आदेशले निज प्रतिवादी असिम थापा मगर पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूरबाट आत्महत्या दुरुत्साहन कसूरमा परिणत

मिति २०८१।०८।०६ गते दिउँसो अं.१४:४० बजेको समयमा जिल्ला कपिलवस्तु शुद्वोधन गाउँपालिका वडा नं.६ गौरा स्थित दयाराम बनियाँको खेतमा जिल्ला कपिलवस्तु मायादेवी गाउँपालिका वडानं.१ पकडी चोक बस्ने बर्ष २५ की सरिता जयसवाल आगो लगाई जली मृत अवस्थामा फेला परेको घटनामा सुरेश जयसवालको जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यालय, कपिलबस्तुमा प्राप्त भएपश्चात अनुसन्धानको क्रममा प्रतिवादी राम नरेश यादवलाई पक्राउ गरी  अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित कपिलवस्तु जिल्ला अदालतमा पेश गरिएकोमा सम्मानित अदालतको मिति २०८१।११।१९ गतेको आदेशले निज प्रतिवादी राम नरेश यादवलाई रु.१,००,०००/– (एक लाख) धरौटी माग भएकोमा सो रकम तिरी साधारण तारिखमा छुटी गएको।

### मुद्दा शीर्षक – सरकारी कागज किर्ते सम्बन्धी कसूर

मिति २०७९।११।०८ गते देखि विभिन्न मितिमा जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालिका वार्ड नं.६ बाणगंगा खोलाको सरगहवा देखी तिलौरीघाट सम्मको खोलाबाट नदिजन्य खनिज पदार्थ उत्खनन् तथा निकासी गर्ने ठेक्का पाएका सिंह कन्ट्रक्सन कपिलवस्तुका ठेकेदार नारायण बहादुर सिंहले नक्कली रसिद प्रयोग गरी नदिजन्य पदार्थ उत्खनन् तथा ओसारपसार गरेको हुँदा सरकारी कागज किर्तेतर्फ अनुसन्धान अघि बढाउनु हुन भन्ने समेत व्यहोराको सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, रुपन्देहीको चलानी नम्वर ५७२२८ मिति २०८०।०२।१४ गतेको पत्र प्राप्त भई अनुसन्धानपश्चात मिति २०८१।०९।१४ गतेको सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले प्रतिवादी विनायक सिंहलाई रु.१,५०,०००/- (एक लाख पचास हजार रुपैयाँ) धरौटी माग भएकोमा उक्त रकम धरौटी राखी तारेखमा छुटेको।

### मुद्दा शीर्षक – अभौतिक मुद्रा सम्बन्धी कसूर

मिति २०८१।१०।१७ गते अ.१४:०० बजेको समयमा मेरो कमाण्डमा खटिएको प्रहरी टोलीले यस कार्यालयको वडा एरिया अन्तर्गत पर्ने होटेल तथा लजहरु चेकजाँच गर्ने क्रममा जिल्ला कपिलवस्तु शिबराज नगरपालिका वडा नं.१ शिवपुर स्थितमा रहेको होटेल हाईवे चेक जाच गर्ने क्रममा होटेलको तेस्रो तलामा मिति २०८१।१०।०९ गतेदेखि कोठा भाडा लिई बस्दै आई रहेका भारत देश प्रदेश राजस्थान, जिल्ला दौसा, थाना-बान्दीक्वी बसवा, ग्राम केसरीसिंहपुरा बस्ने बर्ष ४० को नन्दलाल सैनी, ऐ.ऐ. थाना-बान्दीक्वी, ग्राम हरीपुरा लल्लु ठेकेदारकी ढाणी बस्ने बर्ष २२ को मोनु सैनी, ऐ.ऐ. जिल्ला जयपुर, थाना-कानौता, ग्राम लुनियाबास बस्ने बर्ष २९ को बिजेन्द्र कुमार सैनीलाई कोठाभित्र MESC Application बाट Bit coin (USDT) को कारोवार गर्दै गरेको अवस्थामा फेला पारी निजहरुको साथबाट प्रति व्यक्ति मोबाईल थान-८ का दरले २४ थान मोबाईल,२ वटा मल्टिप्लग, विभिन्न कम्पनीको चार्जर थान-६, Bit coin को हिसाब किताब राखेको लेखेको कपी थान-१ समेत फेला पारी रितपूर्वक बरामद गरी प्रतिवादीहरु नन्दलाल सैनी समेतलाई कानून बमोजिम पक्राउ गरी अभौतिक मुद्रा सम्बन्धी कसूर गरेको हुँदा कानून बमोजिम गरिपाउँ भन्ने ब्यहोराको प्रहरी प्रतिवेदन भई सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८१।११।११ गतेको आदेशले प्रतिवादीहरु पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – कर्तब्य ज्यान

जिल्ला दैलेख दुल्लु नगरपालिका वडा ५ बस्ने ११ बर्षीय बालक खेमराज दसुनी मिति २०८१।१०।२५ गते दिउँसो कोही कसैलाई जानकारी नगराई सम्पर्क विहीन भएकोमा अभिभावकले वरपर छरछिमेकमा सोधपुछ, खोजतलास गर्दा फेला नपरेपछि मिति २०८१।१०।२६ गते इलाका प्रहरी कार्यालय, दुल्लु, दैलेखमा खोजतलासका लागि हुलिया निवेदन दिएकोमा निज बालक सम्पर्क विहीन हुनुअघि निजको साथमा रहेका निजको साथीहरु जिल्ला दैलेख दुल्लु न.पा. वडा नं.०५ बस्ने बर्ष १४ को विनोद रिजाल र ऐ. बस्ने बर्ष १७ को विशाल रिजाललाई मिति २०८१।११।०३ गते प्रहरीले सोधपुछ तथा अनुसन्धान गर्ने क्रममा निजहरुले चोरी गरी ल्याएको सुनको गहना (तिलहरी) बिक्री गर्ने विषयमा आपसमा विवाद हुँदा निज बालकलाई सोही दिन मिति २०८१।१०।२५ गते आफूहरुले कर्तब्य गरी मारी घर नजिकैको रहेको खोला नजिक खाल्डो खनी गाडेको भनी खुल्न बुझिन आएको, उक्त घटनामा अनुसन्धानपश्चात सम्मानित दैलेख जिल्ला अदालतको आदेशले निजहरु २ जना बालबिज्याईकर्ताहरुलाई पूर्पक्षको लागि बालसुधार गृह चलान गरिएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np